# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७९।०९।०३ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएका मुद्दाहरु ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये सार्वजनिक सम्पत्ति हानिनोक्सानी र गैरकानूनी लाभ तथा हानी गरी जम्मा २ (दुई) वटा मुद्दाहरुमा आयोगको निर्णय अनुसार मिति २०७९।०९।०३ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ

प्रवक्ता
श्याम प्रसाद भण्डारी

## <u>देहायः</u>

| क्र सं. | प्रतिवादी | मुद्दा | आयोगको मागदाबी | विशेष अदालतको फैसला र आधार | सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधार |
|---|---|---|---|---|---|
| १ | राजकुमार गोइतसमेत (वि.अ. को मु.नं. ०७६-CR-०२३८, वि.अ. को फैसला मिति २०७९।४।३०) | **सरकारी कागजात सच्च्याई सरकारी रकम हिनामिना गरेको ।** | क. प्रतिवादीहरू बी.पी. भन्ने विश्वनाथप्रसाद यादव, हरि मण्डल, वीरेन्द्रकुमार मण्डल र कृष्णकुमार यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिमको कसूरमा ऐ ऐनको दफा ११ बमोजिमको सजाय हुन। प्रतिवादीहरू राजकुमार गोइत र भागवत यादवलाई ऐ ऐनको दफा १७ बमोजिमको कसूरको उद्योग गर्ने कसूरमा ऐ ऐनको दफा २१ मा उल्लेख भएबमोजिम बिगो रू.२५,००,०००।—कायम गरी ऐ ऐनको दफा १७ ले निर्देश गरे बमोजिम ऐ ऐनको दफा ३(१) र दफा ३(१)(च) मा उल्लिखित सजायको आधा सजाय हुन र प्रतिवादीहरू विश्वनाथप्रसाद यादव, हरि मण्डल, वीरेन्द्रकुमार मण्डल, कृष्णकुमार यादवलाई ऐ ऐनको दफा ८(४) बमोजिमको कसूरको उद्योग गर्ने कसूरमा ऐ ऐनको दफा २१ मा उल्लेख भएबमोजिम बिगो रू. २५,००,०००।- कायम गरी ऐ ऐनको दफा ८(४) मा उल्लिखित सजायको आधा सजाय हुन मागदाबी रहेको। | **<u>फैसला</u>**<br>क. प्रतिवादीहरू बी.पी. भन्ने विश्वनाथप्रसाद यादव र हरि मण्डललाई ऐ ऐनको दफा ११ बमोजिमको कसूरमा जनही ३(तीन) महिना कैद र रू.१२,५००।- जरिवाना गरी दफा ८(४) बमोजिम सजाय नभएको तथा अन्य प्रतिवादीहरूलाई आरोपित कसूरबाट सफाइ।<br>**<u>आधार</u>**<br>क. प्रतिवादीहरू राजकुमार गोइत र भागवत यादवले अनुसन्धान र अदालतमा बयान गर्दा इन्कार रहेको। अन्य प्रतिवादीहरूसँग मिलेमतो गरी लिनुखान गरेको अन्य सहप्रतिवादीहरूको पोल नरहेको। सरकारी कागज कीर्ते मुद्दामा सप्तरी जिल्ला अदालतबाट यी दुवै प्रतिवादीले सफाइ पाउने गरी फैसला भएको। सम्झौतामा योजना सम्झौताको मिति, योजना सुरू हुने मिति तथा योजना सम्पन्न गर्ने मितिजस्ता सानातिना कुरा उल्लेख नहुँदैमा प्रतिवादीहरूको दाबीको कसूर गर्ने मनसाय रहेको भनी अर्थ गर्न नमिल्ने। सम्झौता गर्दा सहप्रतिवादीहरूले पेश गरेका लिखत कागजहरू कीर्ते हुन् भन्ने कुरा यी प्रतिवादीहरूलाई जानकारी थियो भन्ने तथ्य स्थापित हुन नसकेकोले दफा १७ को आरोपदाबी पुष्टि नहुने।<br>ख. प्रतिवादीहरू बीपी भन्ने विश्वनाथप्रसाद यादव र हरिनारायण भन्ने हरि मण्डल आरोपित कसूरमा इन्कार रहेको; यिनको कुन कार्यबाट दफा ८(४) बमोजिमको कसूर गरेको पुष्टि नभएको।<br>ग. प्रतिवादी वीरेन्द्रकुमार मण्डल कसूरमा इन्कार रही बयान गरेको। यी प्रतिवादीउपर सरकारी कागज कीर्ते मुद्दामा सप्तरी जिल्ला अदालतमा मुद्दा नचलेको।<br>घ. प्रतिवादी कृष्णकुमार यादवले अनुसन्धान र अदालतमा बयान नगरे पनि दाबीको कसूरमा निजको संलग्नताका सम्बन्धमा प्रमाणबाट वादीले पुष्टि गर्न नसकेको। सहप्रतिवादीहरूले निजउपर पोल नगरेको। | ▪ विवादास्पद "सितापुर कनौली आधारभूत बिद्यालयसम्म सडक मर्मत निर्माण उपभोक्ता समिति" अन्य ब्यक्तिहरूको नागरिकताको फोटोकपिमा विवरण केरमेट गरी सच्च्याई गठन गरिएको र उक्त योजनाको उपभोक्ता समिति गठन गर्दाका कागजातहरू कीर्ते रहेको फैसलाको प्रकरण ४५ मा उल्लेख भएको छ। यस सम्बन्धमा सरकारी छाप दस्तखत कीर्ते कसूरमा जिल्ला प्रहरी कार्यालय, सप्तरीबाट अनुसन्धान हुँदा वि.पी. भन्ने विश्वनाथप्रसाद यादव, हरिनारायण भन्ने हरि मण्डल, राजकुमार गोइत, दिलिपकुमार दास, रामानन्द ठाकुर, वीरेन्द्रकुमार मण्डल, कृष्णकुमार यादव, भागवत यादव र सुरेन्द्र मण्डलले आपसी मिलेमतो गरी जि. सप्तरी, अग्निसाइर कृष्णसवरण गाउँपालिकाअन्तर्गतको सितापुर कनौली आधारभूत विद्यालयसम्मको सडक निर्माणका लागि प्रदेश सरकारबाट प्राप्त रू.२५ लाख रकम हिनामिना गरी लिई खाने उद्देश्यले गाउँ कार्यपालिकाको कार्यालय अग्निसाइर कृष्णसवरणमा नन्दीलाल चौधरीको नामबाट कीर्ते हस्ताक्षर गरी निवेदन पेश गरी गाउँपालिकाको कार्यालयले दिएको योजना सिफारिससम्बन्धी पत्र, प्रतिवादी बी.पी. भन्ने विश्वनाथ यादवले राखी गाउँपालिकाको लेटरहेड, छाप र प्रशासकीय अधिकृतको दस्तखतसमेत कीर्ते गरी अर्को कीर्ते सिफारिस तयार गरी सम्बन्धित वडामा नभएको ब्यक्तिहरूको नामबाट फर्जी उपभोक्ता समिति गठन गरी आफैले दस्तखत गरी उपभोक्ता समितिमा बस्ने ब्यक्तिहरूको नागरिकताको फोटोकपी पेश गर्दा अरू नै ब्यक्तिहरूको नागरिकताको फोटोकपीमा विवरण फेरबदल गरी पूर्वाधार विकास कार्यालय, सिरहा, सम्पर्क कार्यालय, राजविराजमा पेश गरेको र पेश भएका कागजातहरूका आधारमा समितिको तर्फबाट सम्झौता गर्ने ब्यक्ति उपस्थित नै नभई भागवत यादव साक्षी बसी राजकुमार गोइतले सम्झौता गरी सो फर्जी उपभोक्ता समितिमा रहेका आरोपीहरू सुरेन्द्रकुमार मण्डल र कृष्णकुमार यादवको संयुक्त दस्तखतबाट सञ्चालन हुने गरी खाता खोल्न सिद्धार्थ बैंकमा पत्राचार गरेको व्यहोराले यी प्रतिवादीहरूको मिलेमतो उक्त वारदातमा नरहेको भन्न सकिने अवस्था छैन।<br>▪ आरोपितमध्येका राजकुमार गोइतले मौकाको बयानमा बी.पी. यादव र हरि मण्डलले सो योजनाको अगुवाइ गरेको, निजहरूले पेश गरेको सम्पूर्ण कागजातहरू हेर्दा आफूलाई ठीकै लागेर सम्झौता गरेको, कीर्ते गरेको थाहा पाएपछि उक्त समिति रद्द गरी सारा प्रकृया ठप्प पारेको, उपभोक्ता समितिमा रहेका पदाधिकारीहरूको नागरिकताको फोटोकपीमा भएको केरमेट तत्काल थाहा भएन, सम्बन्धित फाँटले राम्रोसँग हेर्नु पर्थ्यो, कार्यबोझले गर्दा मैले मुख्य बुँदाहरूमात्र हेर्नुपर्ने अवस्था रहेको उल्लेख गरे पनि निजको बयान व्यहोरा खण्डित हुने गरी अर्का प्रतिवादी भागवत यादवले बयान गर्दा राजकुमार गोइत स्वयम्ले आफूलाई फाइल दिई साक्षी बस्न भनेकोले बसेको हुँ, बी.पी. यादव र कार्यालय प्रमुख साथै रहेको र मलाई निजसँग सम्बन्धित फाइलहरूको प्रकृया पुरा गरिदिनू भनी भनेकोले निजको आदेशानुसार मैले योजना सम्झौतामा दस्तखत गरेको हो भनी खुलाइदिएको देखिन्छ। यसरी *छुट्टै साक्षीको रूपमा आएको नभई अभियोग लागि आएको र ती अभियोग लागेका सहअभियुक्तहरू स्वयम् आफूले गरेको कसूरसमेतलाई स्वीकारी पोल गरेको स्थितिमा निजहरूको पोलाइलाई आधार लिन मिल्ने* भनी ने.का.प. २०४८ को जेठ अङ्कको नि नं ४२६९ मा सिद्धान्त प्रतिपादन भइरहेको छ। निज भागवत यादवको बयान ब्यहोरामा आधारित रही फर्जी उपभोक्ता समिति भन्ने जानकारी हुँदाहुँदै राजकुमार गोइत र बी.पी. यादबसँगको मिलेमतोमा तपाईँले उक्त समितिसँग पूर्वाधार विकास सम्पर्क इकाई कार्यालय, सप्तरी, राजविराजको तर्फबाट सम्झौता गर्नुभएको हो भन्ने सवालमा आधारित रही पोलीग्राफ परीक्षण गर्दा निजले आफूलाई जानकारी थिएन, मिलेमतो थिएन भनी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | खुलाइदिएको व्यहोरा झुठ्ठा रहेको व्यहोरा पोलिग्राफ परीक्षण प्रतिबेदनबाट देखिँदा निज भागवत यादवले प्रस्तुत कसूरमा आफ्नोसमेत मिलेमतो थिएन भनी लिएको जिकीर झुठ्ठा रहेको देखिन्छ।<br>▪ मौकामा बुझिएका व्यक्तिमध्येका सियाराम मण्डलले लेखाएअनुसार वीरेन्द्रकुमार मण्डलले मुतनी सिचाइँ योजना उपभोक्ता समिति गठन गरेको कागजातहरू बी.पी. यादवलाई लगेर दिनूस् भनेकोले बी.पी. यादबलाई दिएको; सो समयमा बी.पी. यादव र हरि मण्डलसँगै रहेका; मन्त्रालयमा कागजातहरू लगेर मुतनी नदी सिँचाइँ योजनाको लागि बजेट निकासा गरिदिन्छु भनेका थिए भन्दै उक्त घटनामा बी.पी. यादव, हरि मण्डल र वीरेन्द्रकुमार मण्डलको संलग्नता रहेको कागज गरेको देखिन्छ। यसैगरी वडाध्यक्ष पशुपतिप्रसाद चौधरी र अरूणकुमार चौधरीले वडा नं. २ र ३ स्थित उक्त सडकखण्डमा जे.सि.बी.ले काम गर्दै गर्दा आफूहरूलाई जानकारी नगराएको, उपभोक्ता समिति गठन गर्दा आफूहरूको रोहवरमा नभएको तथा आफ्नो नाम वडाध्यक्ष अरूणकुमार चौधरी भनी कागजमा समिति गठन गरिएको देखिएकोले यस्तो फर्जी गर्ने व्यक्तिहरूलाई कारवाही गर्नुपर्छ र कारवाहीको प्रकृया जिल्ला प्रशासन कार्यालयमार्फत अगाडि बढाएको र यस्ता कीर्ते गर्ने व्यक्तिहरूलाई कडाभन्दा कडा कार्वाही हुनुपर्छ भनी कागज गरेकोमा उक्त कागजातहरूमा भएका व्यहोरा सत्य हो भनी बकपत्र गरिदिएकोले प्रमाण ऐन, २०३१ को दफा १०(१)(क) अनुसार प्रमाणमा लिनुपर्छ।<br>▪ प्रतिवादीहरू राजकुमार गोइत र भागवत यादवले आफ्नो कार्यालयबाट विनियोजित बजेट कार्यान्वयन गर्ने सिलसिलामा सम्बन्धित उपभोक्ता समितिसँग योजनाको सम्झौता गर्दा उक्त समितिमार्फत पेश हुन आएका कागजातहरू जाँच, रूजु गर्नुपर्ने तथा केही शङ्का लागेमा सम्बन्धित गाउँपालिका तथा वडा कार्यालयसँग बुझ्न सकिने अवस्था हुँदाहुँदै तथा सम्झौता गर्ने समयमा समितिका जिम्मेवार पदाधिकारीहरू अध्यक्ष सुरेन्द्रकुमार मण्डल, कोषाध्यक्ष कृष्णकुमार यादव र सचिव शिवराम चौधरी स्वयम् उपस्थित हुनुपर्नेमा सो नगरी समितिमा नरहेका हरि मण्डल र बि.पी. यादवको अगुवाइमा वीरेन्द्रकुमार मण्डलसमेतका व्यक्तिहरूसँग योजना सम्झौता गरेको, साथै उपभोक्ता समितिका पदाधिकारीहरूको नागरिकताको फोटोकपी केरमेट गरेको नाङ्गो आँखाले हेर्दासमेत देखिने अवस्था हुँदासमेत सक्कल नागरिकता प्रमाणपत्र र व्यक्ति सनाखत नगरेको, योजना सम्झौतापत्रमा सम्झौता मिति, योजना सम्पन्न गर्ने मिति, योजना सुरू हुने मितिसमेत उल्लेख नगरी सुनियोजित ढङ्गबाट सम्झौता गरी कायदिश दिएको तथा बैंक खाता खोलिदिन सम्बन्धित पदाधिकारीहरूलाई समेत सनाखत नगरी दस्तखत प्रमाणित गरी सिफारिस गरेको, योजना कार्यान्वयन गर्दासमेत अरूलाई जानकारी नहोस् भनी योजनाको विवरणसहितको होर्डिङ बोर्ड राख्नुपर्ने/राख्न लगाउनुपर्नेमा सो नगरेको र पछि सरकारी छाप दस्तखत कीर्तेमा अनुसन्धान भई स्थानीय जनप्रतिनिधिको रोहवरमा रीतपूर्वक गठित उपभोक्ता समितिले नयाँ सम्झौता गरी कार्य गरेको देखिएको हुँदा यो कार्यमा पूर्वाधार विकास कार्यालय, सिरहाका कार्यालय प्रमुख राजकुमार गोइत, सोही कार्यालयका नायव सुव्वा भागवत यादव, बि.पी. भन्ने विश्वनाथप्रसाद यादव, हरि मण्डल, वीरेन्द्रकुमार मण्डल र कृष्णकुमार यादवको संलग्नता पुष्टि भइरहेको छ।<br>▪ यी प्रतिवादीहरूले मुतनी नदी सिँचाइँ आयोजनाको कार्य गर्न गठित उपभोक्ता समितिका सियाराम मण्डल, बिमलादेबी चमैन र इन्दुकुमारी मण्डलको नेपाली नागरिकताको प्रमाणपत्रको फोटोकपीमा अनधिकृतरूपमा विवरण सच्च्याएको तथा अग्निसाइर कृष्णसवरण गाउँपालिकाको आधारभूत विद्यालय इटहर्वासम्मको सडक निर्माणको लागि प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय जनकपुरको नाउँमा सिफारिस माग भइ आएबमोजिम सिफारिस गरिएको भन्ने व्यहोराको पत्र अनधिकृतरूपमा सच्च्याई अग्निसाइर कृष्णसवरण गाउँपालिका-२ अन्तर्गत |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | कर्नौलीबाट आधारभूत विद्यालय इटहर्वासम्मको सडक निर्माणको लागि प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय जनकपुरधामबाट उक्त सडक निर्माण गर्न गठित उपभोक्ता समितिद्वारा निर्माण कार्य संचालन गरी दिनु हुन भन्ने सिफारिस बनाई सम्झौताका लागि पूर्वाधार विकास कार्यालय सिरहा, सम्पर्क ईकाई कार्यालय, राजविराजमा पेश गरेको देखिँदा निजहरूको बदनियत पुष्टि भइरहेको देखिन्छ। वि.पि. भन्ने विश्वनाथप्रसाद यादव, हरि मण्डल, विरेन्द्रकुमार मण्डल र कृष्णकुमार यादव समेत ४ जनाले एउटा प्रयोजनको लागि गठित उपभोक्ता समितिको कागजात सच्चाई गलत उपभोक्ता समिति गठन गरेको भन्ने लगायतका गलत कागजातहरू पेश गरी उल्लिखित बिश्वनाथप्रसाद यादवसमेत ४ जना तथा राजकुमार गोइत र भागवत यादवसमेत ६ जना भई गलत कागजातको आधारमा योजना सम्झौता गर्दा समेत अवास्तविक उपभोक्ता समितिका अध्यक्ष, कोषाध्यक्ष र सचिव जस्ता पदाधिकारीहरूको उपस्थितिविना नै उक्त समितिको नाममा योजना सम्झौतामा सम्झौता मिति लगायतका योजनाको सम्झौतामा खुलाउनुपर्ने महत्वपूर्ण विवरण समेत नराखी सम्झौता गरे/गराएको तथा सुरेन्द्रकुमार मण्डल र कृष्णकुमार यादवको नाममा सिद्धार्थ बैंक, राजविराज शाखामा खाता खोल्ने सिफारिस समेत गरी/गर्न लगाई सरकारी सम्पत्तिको हानी नोक्सानी गर्ने उद्देश्यले सो कार्य गरेको स्पष्ट भइरहेको छ। **धेरैजना व्यक्ति संलग्न रहेको वारदातमा एकभन्दा बढी व्यक्ति मुख्य अभियुक्त (Principal Offender) हुनसक्ने र सहायक अभियुक्त (Accessory Offender) पनि धेरै जना हुन सक्ने कुरालाई फौजदारी विधिशास्त्रले आत्मसात गरेको हुन्छ। प्रस्तुत वारदातमा धेरैजना सहायक अभियुक्तहरू रहेका र निजहरूको सहयोगबिना वारदात घटित हुन नसक्ने अवस्थामा** निज प्रतिवादीहरूलाई अभियोगदाबी बमोजिम सजाय हुनुपर्नेमा सो नगरी आरोपित दाबीबाट सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण छ।<br>▪ अपराधशास्त्रका अनुसार कसूर हुनका लागि सामान्यतया मनसाय (intention), पूर्वतयारी (preparation/planning), अपराधिक कार्य गर्ने प्रयास (attempt) र अपराधिक कार्यको पूर्णता (commission) भएमामात्र पूर्ण अपराध हुन्छ। प्रस्तुत मुद्दामा भ्रष्टाचार गर्ने पूर्वतयारीका साथ कीर्ते उपभोक्ता समिति बनाएको देखिएको छ। मनसाय तत्व नभएको ठाउँमा उद्योग हुन नसक्ने सैद्धान्तिक दृष्टिकोण छ र यी प्रतिवादीहरूले नक्कली कागजात बनाएको तथ्य मिसिल संलग्न कागजातहरूले पुष्टि गरेकोले अपराधको उद्योग स्थापित हुन कर्ताबाट निजको आपराधिक मनसायबमोजिम अपेक्षित परिणाम प्राप्त गर्न कुनै कार्य गरेको हुनुपर्ने मान्यता छ। मनसायपूर्वक गरिने कसूरहरूमा मात्र मनसाय र तयारीको चरणपछि सो मनसायबमोजिम कर्ताले कुनै कार्य गरेमा परिणाम नआएको अवस्था भए पनि सो कार्यलाई नै उद्योगको रूपमा आपराधीकरण गरिने हुन्छ। यी प्रतिवादीहरूले बदनियतपूर्वक भ्रष्टाचार गर्ने मनसायले नक्कली कागजातहरू बनाएको मिसिल संलग्न कागजातहरूले देखाइरहेको अवस्थामा प्रतिवादीहरूलाई सफाइ दिने गरी गरिएको फैसला त्रुटिपूर्ण छ। उद्योगसम्बन्धी अपराधमा सजायको उद्देश्य अपराधीलाई मात्र दुरूत्साहन गर्ने नभई खतरनाकपूर्वक गरिने आपराधिक कार्य पनि दुरूत्साहन गर्नु भएकाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २१ मा उद्योगको व्यवस्था भएको देखिन्छ। यसरी 'कसूर गर्ने' मनसायसहित कीर्ते कागजातहरू बनाई भ्रष्टाचारको कार्य पूर्ण हुन नसकेको अवस्थामा कसूरदारहरू dangerous proximity to the end or success को अवस्थामा मात्र पुगेको तर कसूर गरी नसकेको अवस्थामा पुगेकाले प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण छ। |
| २ | राजकुमार गोइतसमेत (वि.अ. को मु.नं. ०७६- | सरकारी सार्वजनिक जग्गा | प्रतिवादीहरू घनश्याम दुवे, शौकात अली खाँ, बलराम श्रेष्ठ, धनेशचन्द्र गुरूङलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) र दफा ८(१)(ज) बमोजिमको | **<u>फैसला</u>**<br>सबै प्रतिवादीहरूलाई सफाई।<br>**<u>आधार</u>**<br>सबै प्रतिवादीहरूले मौकामा र अदालतमा बयान | ▪ निवेदक अञ्जनी बनियाँले श्रेस्ता पूर्जा अद्यावधिक गरी पाउन मिति २०७३/९/१७ मा मालपोत कार्यालय, भैरहवामा निवेदन दिएपछि मालपोत कार्यालय भैरहवाले कारवाही अगाडि बढाउने सिलसिलामा नापी कार्यालय भैरहवासँग हाल साविक बिवरण माग गरेअनुसार नापी कार्यालय भैरहवाका नापी सर्भेक्षक शौकात अली खाँले नापजाँच गरी मिति २०६९/२/२८ मा नाप नक्सा |

| | | | | | |
|---|---|---|---|---|---|
| | CR-०२३८, वि.अ. को फैसला मिति २०७९।४।३०) | व्यक्तिको नाममा कायम गरी-गराई भ्रष्टाचार गरेको। | कसूरमा सोही ऐनको दफा ८(१) बमोजिम सजाय हुन र अन्जनी बनियाँलाई ऐ ऐनको दफा ८(४) को कसुरमा सोही ऐनको दफा ८(४) बमोजिम सजाय हुन। | गर्दा इन्कारी बयान गरेको। प्रतिवादीका साक्षीहरूले प्रतिवादीको भनाइ समर्थन हुने गरी बकपत्र गरेको।<br>प्रतिवादी अञ्जनी बानियाँको जग्गा मिति २०६९।२।२८ मा नापनक्शा हुँदा नै साँध सिमानाको नदीसमेतको जग्गा घुसाई बढी क्षेत्रफल देखाई नापनक्शा भएको देखिएकोमा उक्त नापनक्शा गर्ने कार्यमा संलग्न कर्मचारीहरूउपर मुद्दा दायर भएको अवस्था देखिदैन। निजले बयान गर्दा हालसाविक गर्दा सरकारी राजश्वबाहेकको रकम नदिएको भनी बयान गरेको।<br>मिति २०७५।९।१३ मा अदालतमा अभियोग दर्ता हुनुभन्दा पहिले प्रतिवादी अञ्जनी बानियाँका नाउँमा बढी दर्ता भएको जग्गा कटाई साविकबमोजिमकै स्रेस्ता कायम गर्ने गरी मिति २०७४।११।११ मा नै मालपोत कार्यालयबाट निर्णय गरी साविकको त्रुटि सच्च्याइएको।<br>सुरू फिल्ड निरीक्षण गर्ने सर्वेक्षक तथा हालसाविकको निर्णय गर्ने मालपोत अधिकृत समेतका पदाधिकारीउपर आरोपदावी नभएको | भई तयार भएको नक्साअनुसार हालसाविकको फाराम भरी पत्रमा निजले काउण्टर दस्तखत र नापी अधिकृत घनश्याम दुवेले पत्रमा दस्तखत गरी च.नं. २४६९ मिति २०७३/१०/१८ को पत्र मालपोत कार्यालय भैरहवालाई लेखेको र सो पत्रानुसार निवेदक अन्जनी बनियाँको साविक कि.नं. ४० क्षेत्रफल १-१८-११ र कि.नं. ७५८ क्षेत्रफल ०-३-१९ र हाल कि.नं. २ क्षेत्रफल १६७२०.१८ वर्ग मीटर ठिक छ, साविकको सरकारी तथा सार्वजनिक कित्ता हालको उल्लिखित कित्ता जग्गामा नघुसेको, कित्ताकाट गर्नुपर्ने होइन, साविक नक्साबमोजिम फिल्ड चेक गरेको, पूरा जग्गा निजको भनी पत्राचार गरेको देखिन्छ। उल्लिखित कि.नं  ४० र कि.नं ७५८ को जग्गाको जम्मा क्षेत्रफल ज.वि. २-०२-१० हुने र त्यसको वर्गमीटरमा लैजाँदा १४३९२.२६ वर्गमीटर क्षेत्रफलमात्र हुनेमा १६७२०.१८ वर्गमिटर जग्गा हाल साविक गरेको अवस्था विद्यमान छ। मिति २०७३/१०/१८ को नापी कार्यालयको उल्लिखित पत्र प्राप्त भएपछि मालपोत कार्यालय भैरहवाका ना.सु. बलराम श्रेष्ठलाई स्थलगत सर्जमिन गरी सत्यतथ्य ब्यहोराको प्रतिवेदन पेश गर्न जानकारी गराएअनुसार निज ना.सु. बलराम श्रेष्ठले मिति २०७३/१०/२२ को सर्जमीन मुचुल्कामा  उल्लिखित जग्गा निवेदक अन्जनी बनियाँको जग्गा रहेको; यसमा अरू कसैको दावी, बादविवाद छैन साथै उक्त जग्गामा सरकारी सार्वजनिक जग्गा घुसेको छैन भन्ने ब्यहोराको रोहवरमा सार्वजनिक जग्गाको संरक्षणको समेत दायित्व भएका वडा न. ३ का वडासचिव धनेशचन्द्र गुरूङले गरेको बयानमा व्यावहारिकरूपमा सचिवको हैसियतले सहीछाप गरिदिएको हुँ भनी कानुनबमोजिम कार्य नगरी सार्वजनिक जग्गा संरक्षण गर्नुपर्नेमा बेवास्ता गरी तयार गरेको सर्जमिन मुचुल्का मालपोत कार्यालय भैरहवामा पेश गरी मालपोत कार्यालयको मिति २०७३/११/३ को हालसाविक निर्णयअनुसार अन्जनी बनियाँको नाममा साविकमा भन्दा २३२९.६८ वर्ग मिटर जग्गा हालसाविक गरी निजलाई जग्गाधनी प्रमाणपूर्जा दिएको देखिन्छ। पछि मालपोत कार्यालय भैरहवा रूपन्देहीको मिति २०७४/११/११ को निर्णयानुसार उल्लिखित जग्गाधनी अन्जनी बनियाँको साविकभन्दा बढी हुन गएको २३२९.९२ वर्गमीटर जग्गा नेपाल सरकारको नाममा कायम गरी बाँकी जग्गाको मात्र जग्गाधनी प्रमाणपूर्जा बनाएको देखिन्छ।<br>▪ अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा उजुर परेपश्चात् मालपोत कार्यालय भैरहवाको मिति २०७४/११/११ को निर्णयअनुसार उल्लिखित साविकभन्दा बढी २३२९.९२ वर्ग मिटर जग्गा नेपाल सरकारको नाममा कायम गरेको देखिन्छ। निवेदक अन्जनी बनियाँले श्रेस्ता पूर्जा अद्यावधिक गरी पाउन निवेदन दिएपश्चात् मालपोत कार्यालयले नापी कार्यालय भैरहवासँग हाल साविक बिवरण मागकोमा नापी कार्यालय भैरहवाका नापी सर्भेक्षक शौकात अली खाँले नापजाँच गरी मिति २०६९/२/२८ मा नाप नक्सा भई तयार भएको नक्साअनुसार हालसाविकको फाराम भरी नापी अधिकृत घनश्याम दुवेले पत्रमा दस्तखत गरी मालपोत कार्यालयमा पठाएको र मालपोत कार्यालयले सर्जमिन गर्न ना.सु. बलराम श्रेष्ठलाई पठाएकोमा निजले नापी सर्भेक्षक शौकात अली खाँको हालसाविक बिवरणलाई सहयोग पुग्ने गरी उक्त जग्गा निवेदक अन्जनी बनियाँको जग्गा हो यसमा अरू कसैको दावी, बादविवाद छैन साथै उक्त जग्गामा सरकारी सार्वजनिक जग्गा घुसेको छैन भन्ने ब्यहोराको सर्जमिन मुचुल्का तयार गरी सर्जमिन मुचुल्काको रोहवरमा सार्वजनिक जग्गाको संरक्षणको समेत दायित्व भएका वडा न.३ का वडा सचिव धनेशचन्द्र गुरूङसमेत रोहवरमा सहीछाप रहेको सर्जमिन मुचुल्का मालपोत कार्यालयमा पेश भई मालपोत कार्यालयबाट भएको हाल साविक निर्णय आपराधिक कार्य भएको देखिन्छ। पछि उजुरी परेपश्चात् मालपोत कार्यालय भैरहवा रूपन्देहीको मिति २०७४/११/११ को निर्णयानुसार उल्लिखित जग्गाधनी अन्जनी बनियाँको साविकभन्दा बढी हुन गएको २३२९.९२ वर्ग मीटर जग्गा नेपाल सरकारको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | नाममा कायम हुन आएकोले प्रतिवादीहरू नापी अधिकृत घनश्याम दुवे, नापी सर्भेक्षक शौकातअली खाँ, मालपोत कार्यालय भैरहवाका ना.सु. बलराम श्रेष्ठ र वडा नं. ३ का वडा सचिव धनेशचन्द्र गुरूङले उक्त सरकारी सार्वजनिक जग्गा अन्जनी वनियाको जग्गामा घुसाई व्यक्तिको नाममा हालसाविक गरेको पुष्टि भइरहेको छ। जग्गाधनी अन्जनी बनियाँले साविक बमोजिमको क्षेत्रफल कायम हुने गरी हाल साविक गराउनु पर्नेमा सो नगरी निजको उल्लिखित कित्ता नं. को जग्गाको पूर्व, पश्चिम र दक्षिण डण्डा खोला किनारामा पर्ने २३२९.६८ वर्ग मिटर सरकारी सार्वजनिक जग्गा आफूसमेतको संलग्नतामा आफ्नो नाममा दर्ता गरी गराई कसुर गरेको पुष्टि भइरहेकोमा सफाइ दिने गरी भएको फैसला बदरभागी छ।<br>▪ कुनै अपराधमा अनुसन्धान, अभियोजन र दण्डित गर्ने कानूनी प्रयोजनले त्यसै मुद्दामा मात्र सीमितता राख्दैन। आउँदा दिनहरूमा यस्ता अपराध गर्न इच्छा राख्ने व्यक्तिहरू अपराध गर्न हतोत्साहित हुन भन्नेसमेत रहेको हुन्छ। जग्गा हाल साविक गर्ने नाममा सरकारी सार्वजनिक जग्गा व्यक्तिको नाममा घुसाई हाल साविक गर्ने, उजुर नपरेमा भ्रष्टाचारका कसूरमा आपराधिक दायित्व वहन गर्न नपर्ने र कसूरमा उजुर परेमा कसूरबाट सृजित परिणामलाई सच्च्याउने र सच्च्याइसकेको भन्ने आधारमा आपराधिक दायित्वबाट उन्मुक्ति पाउँदै जाने हो भने सार्वजनिक सरकारी सम्पत्ति व्यक्तिको नाममा दर्ता गर्ने जस्तो गम्भीर अपराधले सदैव प्रश्रय पाउने हुन्छ। यसतर्फ विचार नै नगरी निर्णय सच्च्याएको भन्ने आधारमा प्रत्यर्थी प्रतिवादीहरूलाई सफाइ दिएको फैसला त्रुटिपूर्ण रहेको छ। **आफ्नो जिकीरलाई वस्तुपरक र कानूनले मान्यता दिएका प्रमाणबाट पुष्टि वा खण्डन गर्न तथ्ययुक्त र वस्तुनिष्ठ प्रमाण प्रस्तुत गर्न नसकेको अवस्थामा प्रतिवादीले अपुष्ट भनाइ राखेकै आधारमा अदालतले सफाइ दिने कार्य न्यायपूर्ण हुँदैन।** प्रतिवादीहरूले कुनै प्रमाण नै पेश नगरी गरेको इन्कारी बयान आफैमा प्रमाणग्राह्य हुन नसक्ने तथा निजहरूका साक्षीको बकपत्रसमेत सोही व्यहोराको हुने जान्दाजान्दै अदालतले निज प्रतिवादीहरूको बयान र निजैका साक्षीहरूको बकपत्रको आधारमा सफाइ दिएको त्रुटिपूर्ण छ। कुनै समयमा कुनै प्रतिवादीलाई मुद्दा दायर नगरिएकै भन्ने आधारमा मिसिल संलग्न प्रमाणको मूल्याङ्कन नगरी सफाइ दिने गरी निर्णय गरिँदा समाजमा दण्डहीनता बढेर आपराधीक कार्यमा समेत बृद्धि हुने हुन्छ। अपराध गरे पनि कसैउपर मुद्दा नचलेमा अदालतले अनुसन्धान गर्ने निकायलाई ध्यानाकर्षण गराउन सक्ने अवस्था हुन सक्छ तर कुनै वारदातमा कुनै अमुक व्यक्तिउपर मुद्दा नचल्दैमा मुद्दा चलाइएका व्यक्तिहरूले सफाइ पाउने भन्ने सफाइको आधार बनाउनु किमार्थ उचित हुन सक्दैन। भ्रष्टाचारजन्य कार्य हुनका लागि आर्थिक लाभ वा हानिमात्र पर्याप्त आधार होइन। अवाञ्छित किसिमको दोषपूर्ण गतिविधि पनि भ्रष्टाचारजन्य कसुरको अर्को महत्त्वपूर्ण आधार हो। प्रतिवादीको गैरकानूनी र अवाञ्छित किसिमको दोषपूर्ण गतिविधिबाट कसैको हानि हुने र कसैले लाभ पाउने अवस्था हुन्छ भने सो कार्य पनि भ्रष्टाचारजन्य कसुरको दायराभित्र पर्ने नै हुन्छ। साथै प्रतिवादीले त्यस किसिमको गैरकानूनी र अवाञ्छित किसिमको गतिविधि केवल आर्थिक लाभ हानि पुऱ्याउने मनसायका साथ गरेको थिएन भन्ने आधारमा मात्र उक्त दोषपूर्ण कार्यबाट निजले उन्मुक्ति पाउने अवस्था नरहने (नेकाप २०७५ फागुन, नि नं १०१४२) भनी सिद्धान्तसमेत प्रतिपादन भएको अवस्थामा यी प्रतिवादीहरूको बदनियतपूर्ण गतिविधिका कारण सरकारी/सार्वजनिक जग्गा व्यक्तिको नाममा जनिएको अवस्थामा भ्रष्टाचार भएको देखिदादेखिँदै निज प्रतिवादीहरूलाई सफाइ दिई गरिएको त्रुटिपूर्ण फैसला बदरभागी छ। |